# <u>वैदेशिक रोजगार सेवा शुल्क सम्बन्धी कार्यविधि, २०८०</u>

आर्थिक ऐन, २०८० को दफा २३ बमोजिम प्रचलित सङ्घीय कानून बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले वैदेशिक रोजगारमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट दाखिल गर्नु पर्ने वैदेशिक रोजगार सेवा शुल्कको प्रशासनलाई सरल र प्रभावकारी बनाउन आर्थिक ऐन, २०८० को दफा २३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागले प्रक्रिया निर्धारण गर्ने प्रयोजनको लागि यो कार्यविधि बनाई जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस कार्यविधिको नाम "**वैदेशिक रोजगार सेवा शुल्क सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि सम्वत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले आर्थिक ऐन, २०८० सम्झनु पर्छ।

(ख) "कर अधिकृत" भन्नाले नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत वा प्रमुख कर अधिकृत वा प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक, उपमहानिर्देशक वा कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृतलाई समेत जनाउँछ।

(ग) "कार्यालय" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिमको कार्यालय सम्झनु पर्छ।

(घ) "विवरण" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको कारोबार गर्ने वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्रप्राप्त व्यक्तिले पेश गर्नुपर्ने यस कार्यविधिको दफा ६ बमोजिमको विवरण सम्झनु पर्छ।

(ङ) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

(च) "वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको सेवा प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।

(छ) "शुल्क" भन्नाले ऐनको दफा २३ बमोजिम दाखिल गर्नुपर्ने वैदेशिक रोजगार सेवा शुल्क सम्झनु पर्छ।

(ज) "स्थायी लेखा नम्बर" भन्नाले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्रप्राप्त व्यक्तिलाई प्रदान गरिएको स्थायी लेखा नम्बर सम्झनु पर्छ।

३. **शुल्क लगाउने आधार र दर सम्बन्धी व्यवस्थाः**

प्रचलित सङ्घीय कानून बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्रप्राप्त व्यक्तिले वैदेशिक रोजगारमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट एक प्रतिशतका दरले शुल्क दाखिल गर्नु पर्नेछ।

४. **वैदेशिक रोजगार सेवा शुल्क प्रशासन गर्ने निकाय सम्बन्धी व्यवस्थाः**

शुल्कको प्रशासन सम्बन्धित करदाता सेवा कार्यालय, आन्तरिक राजस्व कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय र ठूला करदाता कार्यालयले गर्नेछ।

५. **दर्ता सम्बन्धी व्यवस्थाः**

शुल्क राजस्व खातामा दाखिल गर्ने प्रयोजनको लागि स्थायी लेखा नम्वर लिएको व्यक्तिले अलग्गै दर्ता गर्नुपर्ने छैन।

६. **कारोबारको लेखाङ्कन तथा विवरण दाखिल सम्बन्धी व्यवस्थाः**

यस कार्यविधिको दफा ३ बमोजिमको कारोबारको लेखाङ्कन तथा विवरण दाखिल सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) कारोबारको लेखाङ्कन प्रोदभावी (एक्रुयल) आधारमा गर्नु पर्नेछ।

(ख) कारोबारको मासिक विवरण अर्को महिनाको पच्चीस गतेभित्र अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा दाखिल गर्नु पर्नेछ।

७. **वैदेशिक रोजगार सेवा शुल्क दाखिल सम्बन्धी व्यवस्थाः**

यस कार्यविधिको दफा ३ बमोजिमको शुल्क दाखिल सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्रप्राप्त व्यक्तिले दाखिल गर्नुपर्ने शुल्क सम्बन्धित कार्यालयको कोड र तोकिएको राजस्व शीर्षकमा अर्को महिनाको पच्चीस गतेभित्र दाखिल गर्नु पर्नेछ।

(ख) तोकिएको समयभित्र शुल्क दाखिल नगरेमा ऐनको दफा २३ को उपदफा (३) बमोजिम बार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लाग्नेछ।

८. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा भएका व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

अनुसूची-१

(कार्यविधिको दफा ६ को खण्ड (ख) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

## वैदेशिक रोजगार सेवा शुल्क विवरण

| | | | |
|---|---|---|---|
| स्थायी लेखा नम्बर | | नाम | |
| ठेगाना | | आय बर्ष | |
| महिना | | कार्यालय | |

रकम रु.

| शुल्कको गणना | |
|---|---|
| शुल्क लाग्ने मूल्य | XXX |
| शुल्कको दर | १% |
| शुल्क | XXX |
| शुल्क ढिला बुझाए बापतको ब्याज | XX |
| जम्मा दाखिल गर्नुपर्ने शुल्क | XXXX |

विवरण

| क.सं. | वैदेशिक रोजगारमा जाने व्यक्तिको नाम | स्थायी लेखा नं (उपलब्ध भएकोमा) | ठेगाना | शुल्क लाग्ने मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

नोटः (एक्सेल फाइलमा अपलोड गर्न सकिने)

माथि उपलब्ध गराएका सूचना ठिक, साँचो र पूर्ण रहेको प्रमाणित गर्दछु।

आधिकारिक व्यक्तिको नामः दस्तखतः-

पदः- ठेगानाः-